नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

कार्तिक/मंसीर २०७९ (November 2022) वर्ष २५/अङ्क २८५

## मण्डलीमा किन दशांश दिनु महत्वपूर्ण छ ?

- पाष्टर प्रेम श्रेष्ठ

डा. बिल्ली ग्राहामले सन् १९७६ तिरको एउटा प्रचारमा भनेका छन् कि **"सु-समाचारमा विवाद छ"** किनकि येशू खीष्टको बारेमा पनि मानिस विवाद गर्दछन्, बाइबलको बारेका पनि विवाद गर्दछन्, र मण्डलीको बारेमा पनि धेरै विवाद छ तर परमेश्वरको सार्वभौमिकता माथि कसैले विवाद गर्न सक्दैनन् र सृष्टिकर्ताको विषयमा सबैजना कुनै न कुनै प्रकारले स्वीकार्न बाध्य हुन्छन् । त्यसै गरी अहिलेको अवस्थामा मण्डलीमा ल्याउनुपर्ने मलाकी ३:९-११ (**सराप परेर तिमीहरू श्रापित भयौ, किनकि तिमीहरूले मलाई लुटिरहेछौ– तिमीहरू सम्पूर्ण जातिले । सम्पूर्ण दशांश ढुकुटीमा ल्याओ, ताकि मेरो घरमा भोजन रहोस् । यसमा मलाई जाँचेर हेर", सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ, "म स्वर्गका ढोकाहरू उघारेर पर्याप्त ठाउँ पनि नहुनेसम्मका आशिष् तिमीहरूमाथि बर्साउँछु वा बर्साउँदिनँ", सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ । "म तिमीहरूका अन्नबाली स्वाहा पार्ने रोग निको पारिदिनेछु, र तिमीहरूका बारीमा भएका दाखका बोटका फलहरू झर्नेछैनन्," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ ।**) अनुसार दशांश, भेटी, विशेष भेटीहरूको बारेमा पनि खीष्टियनहरू प्रशस्त विवाद, बहस गर्दछन् । हाम्रो जस्तो मण्डली जुन मण्डली स्वपालित मण्डलीको रुपमा स्थापित भयो र स्वयं रीतले अघि बढ्दछ त्यहाँ त झन आर्थिक सवलीकरणको आवश्यकता छ र जुन अति जरुरी र दिगो पनि हुन जान्छ । मानिसहरू दशांश पुरानो नियमको मात्र विचार हो र नयाँ नियममा दशांश दिनु भनेको छैन भन्नेहरूलाई ध्यानमा राखी यहाँ केही कुराहरू, तर्कहरू र बाइबलीय तथ्यहरूलाई उजागर गर्न उचित लाग्यो ।

मत्ती २३:२३ (**"धिक्कार तिमीहरूलाई, शास्त्री र फरिसी हो, ढोंगीहरू ! किनकि तिमीहरू पुदिना र सूँप र जिराको दशांश दिन्छौ, तर व्यवस्थाका गहकिला विषयहरू, अर्थात् न्याय, दया र विश्वासको अवहेलना गरेका छौ । तिमीहरूले दशांश दिने काम गर्नुपर्ने थियो, अनि ती गहकिला विषयहरूको अवहेलना नगर्नुपर्ने थियो ।**) अनुसार गर्नुपर्ने काम नगरेर नगर्नुपर्ने काम मात्र हामीले गरेको जस्तो लाग्यो मलाई त ! जस्तै त्यसबेलाका शास्त्री र फरिसीहरूले गर्दथे । उनीहरू पुदिना, सुँप र जिरा अर्थात् स-साना कुराको चाहिँ कुरा गर्दथे तर परमेश्वरका गहकिला गहकिला विषयहरूको बारेका मौन थिए । अर्थात् न्याय, दया र विश्वासको बारेमा उनीहरूको विचार गएन र उनीहरूले दशांश दिने कामलाई अवहेलना गर्दथे र मुख्य-मुख्य कुरालाई लूका ११:४२ अनुसार उपेक्षा गर्दथे र मत्ती २३:२३ अनुसार अवहेलना गर्दथे र हामी पनि कतै साना-तिना कुरामा अल्झेर ठूला-ठूला कुरामा चुकेका त छैनौं ? जिरा, पुदिना, सुँप मात्र खाएर हामी अघाउँदैनौं भने त्यसको मात्र कुरा गरेर खीष्ट जस्तै हुँदैनौं, त्यसकारण नयाँ नियमको यो खण्ड मत्ती २३:२३ सबैले ध्यान दिएर पढ्न म हार्दिक अनुरोध गर्दछु र यो पदले दशांश अझै धेरै दिने कुरा सिकाउँदछ । प्रेरित २०:३५-**"कि लिनुभन्दा दिनु अझ धन्य हो ।"** लिनु भन्दा दिनु असल हो वचनलाई जो प्रभुको मुखबाट निस्केको (DABBAR) वचनलाई एक पटक ध्यान दिन सकौं, आमेन ।

अब म यहाँ दशांश दिने काम किन अतिनै जरुरी छ भन्ने केही कुरा बाइबलको पुरानो नियम र नयाँ नियमबाट पुष्टि गर्न चाहन्छु जुन अकाट्य तर्क पनि हो कि यो व्यवस्थाभन्दा अगाडि नै गरिएको अभ्यास पनि हो । उत्पत्ति १४:२०-(**सर्वोच्च परमेश्वर धन्यका होऊन्, जसले तिम्रा शत्रुहरूलाई तिम्रा हातमा सुम्पिदिनुभयो ।) अनि अब्रामले उनलाई सबै कुराको दशांश दिए ।**

१) दशांश दिने कार्य जरुरी छ किनकि यो व्यवस्था भन्दा माथि छ । यो परमेश्वरको राजकिय बन्दोबस्त भएकोले हामी उहाँका आज्ञाकारी छोराछोरीले यो पालना गर्नु अति जरुरी छ ।

**२) दशांश दिने कार्य पूर्ण रुपले स्वइच्छा हो ।**

२ कोरिन्थी ९:६-११ (**तर कुरा यही हो, कि थोरै छर्नेले थोरै नै कटनी गर्छ, र प्रशस्तसँग छर्नेले प्रशस्तसँग कटनी गर्छ । अनि हरेक मानिसले आफ्नो मनमा सङ्कल्प गरेबमोजिम देओस्, इच्छा नभई होइन, न त करकापमा परेर । किनभने खुशीसाथ दिनेलाई परमेश्वरले प्रेम गर्नुहुन्छ । परमेश्वरले तिमीहरूलाई हरेक आशिष् प्रशस्त मात्रामा दिन सक्नुहुन्छ, ताकि तिमीहरूसित सधैं नै हरेक कुरा प्रशस्त होस्, र हरेक असल कामको निम्ति तिमीहरूले प्रशस्त मात्रामा दिन सक । यसरी लेखिएको छ, "उसले छर्छ, र गरीबहरूलाई दिन्छ, उसको धार्मिकता सदासर्वदै रहिरहन्छ ।" छर्नेलाई बीउ र खानलाई भोजन दिनुहुनेले तिमीहरूलाई बीउ दिनुहुनेछ, र त्यसमा वृद्धि गराउनुहुनेछ, अनि तिमीहरूका धार्मिकताको फसल बढाउँनुहुनेछ । तिमीहरूको ठूलो उदारताको निम्ति हरेक कुरामा तिमीहरू धनी तुल्याइनेछौ,** जुन उदारताले हामीद्वारा परमेश्वरमा चढ़ाउने धन्यवाद उत्पन्न गराउनेछ ।)

दिनलाई धन होइन मन चाहिन्छ र त्यो मनलाई हाम्रो कृपालु परमेश्वरले तृप्त पार्नुहुन्छ ।

**३) दशांश दिनु परमेश्वरलाई आदर गर्नु हो ।**

लेवी २७:३० (**"रूखहरूका फल वा जमीनका बीउको होस्, भूमिका उब्जनीको दशांश परमप्रभुकै हो, र ती परमप्रभुको निम्ति पवित्र हुन् ।**) अनुसार सबै उब्जनी, आम्दानी प्रभुको हो र त्यसबाट ९० औं अंश प्रयोग गर्नु अगाडि दशांश प्रभुको भण्डारमा ल्याउनु अति नै जरुरी छ ।)

**४) दशांश दिनु परमेश्वरको कृपालाई इज्जत गर्नु हो ।**

प्रस्थान ३५:५-९ (आफ्ना बीचबाट परमप्रभुको निम्ति भेटी ल्याओ ।

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरुको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | खाल्चोक | बालुवापाटी | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी | गोदावरी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **कार्तिक २६** November 12 | एल्डर सिमोन पाठक | श्री सरुष तामाङ्ग | एल्डर सिद्धि खालिङ | डीकन भूपाल लामा | श्री मिन ब. तामाङ्ग | एल्डर सीता गुरूङ्ग | पाष्टर दफ्तन सादा | डीकन बाबुराम के.सी. | श्री विश्वास थापा | एल्डर जनक श्रेष्ठ |
| **मंसीर ३** November 19 | श्री लेखनाथ पौडेल | एल्डर सुरेश पुर्कुटी | डीकनेस् रमा राई | डीकन राम ब. तामाङ्ग | श्री विरध्वज तामाङ्ग | श्री स्टिफन राई | सह-पाष्टर रूबेन श्रेष्ठ | एल्डर सीता गुरूङ्ग | एल्डर आमोस खालिङ | एल्डर भुवन देवकोटा |
| **मंसीर १०** November 26 | एल्डर अर्जुन ढकाल | डीकनेस् रश्मिला तामाङ्ग | श्री पिटर घिमिरे | एल्डर दान ब. अधिकारी | एल्डर पूर्ण सुनुवार | पाष्टर अब्राहाम श्रेष्ठ | एल्डर श्रीलक्ष्मी सैंजु | डीकनेस् रीता अधिबारी | श्रीमती बिमला थापा | डीकन कृष्ण नगरकोटी |
| **मंसीर १७** December 3 | पाष्टर अशोक मुखिया | श्री सुचन तामाङ्ग | श्री लेखनाथ पौडेल | डीकनेस् शिला राई | श्री सरुष तामाङ्ग | पाष्टर दफ्तन सादा | सह-पाष्टर रूबेन श्रेष्ठ | एल्डर नभराज के.सी | पाष्टर शरण राई | एल्डर आनन्द न्यौपाने |

राजीखुशीसँग दिन चाहनेले परमप्रभुका भेटीको रूपमा यी कुरा ल्याओस्, सुन, चाँदि र काँसा, नीलो, बैजनी, रातो धागो र मसिनो सूती कपड़ा, र बाखाको भुत्ला, रातो रङ्गले रङ्गाएको भेड़ाका छाला, सीलका छाला, र बबुल काठ, प्रकाशको निम्ति तेल, र अभिषेक गर्ने तेलको निम्ति र सुगन्धित धूपको निम्ति मसला, एपोद र छाती-पातामा जड्नका निम्ति आनिक्स र अरू मणिहरू ।) जसले उहाँको कृपाको कदर गर्दछ, त्यो व्यक्तिले सबै थोकको पूर्ण दशांश दिन आफ्नो हात कमाउँदैन र त्यस्ता व्यक्ति वा परिवारलाई परमेश्वरले आदर गर्नुहुन्छ ।

**५) दशांश दिनुचाहिँ परमेश्वरको प्रशंसा गर्नु हो ।**

व्यवस्था ८:१०-१८ (जब तिमीहरू तृप्त होउन्जेल खान पाउनेछौ, तब तिमीहरूलाई दिनुभएको असल देशको निम्ति तिमीहरूले आफ्ना परमेश्वरको प्रशंसा गर । सावधान बस ! मैले तिमीहरूलाई आज दिएका उहाँका आज्ञाहरू र उहाँका विधि-विधान उल्लङ्घन गरेर परमप्रभु तिमीहरूका परमेश्वरलाई नभुल । नत्रता जब तिमीहरू खाएर तृप्त हुनेछौ, र राम्रा-राम्रा घरहरू बनाएर बस्नेछौ, जब तिमीहरूका बगाल र बथानको वृद्धि भएर जानेछ, र तिमीहरूका सुनचाँदी र तिमीहरूसित भएका सबै थोक प्रशस्त हुनेछन्, तब तिमीहरू अहङ्कारी भएर तिमीहरूलाई दासत्वको देश मिश्रबाट ल्याउनुहुने परमप्रभु तिमीहरूका परमेश्वरलाई भुल्नेछौ । उहाँले तिमीहरूलाई विषालु सर्प र बिच्छीहरू भएको, निर्जल र रूखो भूमि भएको विशाल र भयानक उजाड़-स्थानको बीचमा डोऱ्याउनुभयो । उहाँले तिमीहरूका निम्ति चट्टानबाट पानी निकाल्नुभयो । अन्त्यमा तिमीहरूको भलो होस् भनेर उजाड़-स्थानमा तिमीहरूका पुर्खालाई थाहा नभएको मन्न खुवाएर उहाँले तिमीहरूलाई नम्र तुल्याउनुभयो र जाँच्नुभयो । "हाम्रा हातको शक्ति र बलले नै यो धन-सम्पत्ति हामीले कमायौं" भनी तिमीहरूले मनमा सोचौला । तर परमप्रभु तिमीहरूका परमेश्वरलाई सम्झ, किनकि उहाँले नै तिमीहरूलाई धन-सम्पत्ति प्राप्त गर्ने शक्ति दिनुहुन्छ । यसरी नै उहाँले तिमीहरूका पुर्खाहरूसित बाँध्नुभएको करार स्थिर गर्नुहुन्छ, जो आजसम्म छँदैछ ।)

यो खण्ड अनुसार हामी चाडैं नै परमेश्वरलाई भुल्ने मानिसहरू हौं र त्यसो गर्दा आत्मिक जीवनमा धेरै असर पर्न सक्छ त्यसकारण मैले आजसम्म दशांश नदिएको मानिसलाई प्रशस्त भएको र दशांश नियमित दिने मानिसलाई नोक्सानी भएको सुनेको छैन ।

मण्डलीमा प्राप्त भएको दशांश, भेटी, विशेष भेटीहरू मूलत ३ वटा काममा प्रयोग गरिन्छ ।

**पहिलो: प्रभुको महान आज्ञा पूरा गर्नलाई सु-समाचार प्रचार अर्थात् मिशनमा प्रयोग गरिन्छ । दोश्रो : मण्डलीमा दीन द्:खी अभावमा परेका व्यक्तिहरूको लागि कृपा देखाएर सहयोग गरिन्छ र तेस्रो : मण्डलीको प्रशासनिक खर्च जस्तै : बिजुली, टेलीफोन, इन्टरनेट, पानी, सरकारी कर, दस्तुरहरू तिर्ने काम, मण्डलीमा रहनुभएका पूर्णकालिन सेवक-सेविकाको लागि देखरेख गर्न, बैठक सेमिनार तालिम, अतिथि सत्कार आदिमा प्रयोग गरिन्छ । उक्त कार्यहरू गर्नलाई कुनै विदेशी दातामा निर्भर नभई आन्तरिक श्रोतलाई परिचालन गरिन्छ । र मण्डलीको भौतिक, जग्गा-जमीन, भवन, सवारी साधन आदि इत्यादिमा पनि प्रयोग हुन्छ ।**

त्यसकारण भिन्नभिन्न मण्डलीको भिन्नभिन्न अभ्यास, प्रचलन (DOGMA) हुन सक्छन् हाम्रो मण्डली स्व-पालित मण्डली, स्व-सुसमाचार प्रचारित मण्डली र स्व-शासित मण्डलीको रुपमा खीष्टको दोश्रो आगमन (MARANATHA) सम्म प्रतिक्षारत रहन सबै पवित्रजनहरूलाई कमाउन सक्ने, मेहनत गर्न सक्ने, आफ्नो परिवारको पालन-पोषण, देखरेख, शिक्षादिक्षा, आत्मिक तथा भौतिक स्वास्थ्य प्रदान गर्न सक्षम हुन सकून् र यहोवा यिरे परमेश्वरले तपाईहरू सबै जनाको हरेक आवश्यकता पूरा गरिदिऊन् भन्ने मेरो प्रार्थना साथै प्रभुका इमान्दार छोराछोरीहरूले यो प्रभुको महान इच्छा पूरा गर्दै आफ्नो व्यक्तिगत जीवनमा, परिवारमा, मण्डलीमा परमेश्वरको शान्ति (SHALOM) प्राप्त गर्न सकौं ।

आमेन ।

### विशेष् प्रार्थना

मंसीर महिनामा हुन लागेको चुनावको लागि प्रार्थना गरौं । देश र जनताको हित गर्ने व्यक्ति नियुक्त हुन सकून् साथै सुरक्षाको लागि पनि प्रार्थना गरिदिऔं ।

### जानकारी

असोज २९ गते/अक्टोबर १५ तारिख शनिबार नेइम ललितपुर चर्चमा एल्डर घनश्याम दाहाललाई पाष्टर अभिषेक गरियो साथै नेइम भैसेपाटी चर्चको लागि एल्डर शरण राईलाई पाष्टर अभिषेक गरियो ।



इजरायल बस्नुहुने नेइम जोरपाटी चर्चको सदस्य सुश्री सावित्री देवी सुनुवार ४५ वर्षको उमेरमा असोज २० गते/अक्टोबर ६ तारिख बिहीबार प्रभुमा सुत्नुभयो ।

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली

| मिति | डाँछी | जोरपाटी | जहरसिंह पौवा | गाम्छा | सुन्दरीजल | साँखु | चाँगु | सापटार | गोंगबूँ | धापासी | भंगाल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **कार्तिक २६** November 12 | एल्डर पेशल राई | डीकन सुनिल मुनिकार | श्रीमती सलोमी दों | एल्डर राज गुरूङ्ग | डीकन कृष्ण तामाङ्ग | सुश्री उषा गौतम | श्री उमेश गुरमचान | एल्डर अष्ट श्रेष्ठ | पाष्टर कर्ण तामाङ्ग | एल्डर छोदेन कार्थक | एल्डर जोरविर राई |
| **मंसीर ३** November 19 | एल्डर गोपी राई | एल्डर सागर थापा | एल्डर लाक्पा लामा | एल्डर पेशल राई | एल्डर राज गुरूङ्ग | डीकन कृष्ण तामाङ्ग | श्री कृष्ण श्रेष्ठ | डीकन सुनिल मुनिकार | एल्डर बेन्जामिन तामाङ्ग | एल्डर जोरविर राई | डीकन डिल्ली ब.राई |
| **मंसीर १०** November 26 | पाष्टर प्रेम श्रेष्ठ | पाष्टर प्रेम श्रेष्ठ | श्री चित्र खड्का | श्री अमृत लामा | डीकन कृष्ण तामाङ्ग | सुश्री उषा गौतम | श्री उमेश गुरमचान | एल्डर अष्ट श्रेष्ठ | एल्डर पिटर लिम्बू | एल्डर राजु श्रेष्ठ | पाष्टर कर्ण तामाङ्ग |
| **मंसीर १७** December 3 | एल्डर पेशल राई | एल्डर लाक्पा लामा | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | एल्डर गोपी राई | एल्डर सागर थापा | एल्डर राज गुरूङ्ग | संयुक्त सेवा गाम्चा चर्च | पाष्टर कर्ण तामाङ्ग | पाष्टर बर्णबास श्रेष्ठ | एल्डर जोरविर राई |

# हार्दिक बधाई



असोज ९ गते/सेप्टेम्बर २५ तारिख, आइतबार नेइम गोंगबूँ चर्चको सदस्य सुश्री सुमित्रा गुरूङ्ग र कलवरी च्यापल, नखिपोट चर्चको सदस्य श्री रविन के.सी.को नेइम गोंगबूँ चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



असोज २७ गते/अक्टोबर १३ तारिख, बिहीबार नेइम गोंगबूँ चर्चको सदस्य सुश्री शोभा तामाङ्ग र आशेर सामुदायिक चर्च, सतुंगलको सदस्य श्री सुमन पुलामी मगरको नेइम गोंगबूँ चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



असोज १२ गते/सेप्टेम्बर २८ तारिख, बुधबार नेइम गोंगबूँ चर्चको सदस्य सुश्री रमिता थापा र विनय चर्च, नुवाकोटको सदस्य श्री अब्राहाम तामाङ्गको नेइम गोंगबूँ चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



२०७९ असोज ३० गते/अक्टोबर १६ तारिख, २०२२ आइतबार नेइम गोंगबूँ चर्चका सदस्यहरू श्री प्रकाश मगर र सुश्री मञ्जु लामाको नेइम गोंगबूँ चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।




असोज १३ गते/सेप्टम्बर २९ तारिख, बिहीबार नेइम गोंगबूँ चर्चका सदस्यहरू श्री सशांक खड्का र सुश्री मेरी लिम्बूको नेइम ज्ञानेश्वर चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



असोज २६ गते/अक्टोबर १२ तारिख, बुधबार नेइम जोरपाटी चर्चको सदस्य श्री प्रभात राई र सियोन राप्चा चर्च, सोलुखुम्बुको सदस्य सुश्री अर्पणा राईको नेइम सियोन राप्चा चर्च, सोलुखुम्बुमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## जानकारी



बेथानी बस्नुहुने नेइम ज्ञानेश्वर चर्चको सदस्य सुश्री मुरली बर्देवा ९६ वर्षको उमेरमा असोज १३ गते/सेप्टेम्बर २९ तारिख बिहीबार प्रभुमा सुत्नुभयो ।



कालोपुल बस्नुहुने नेइम ज्ञानेश्वर चर्चको सदस्य श्री मेष बहादुर तामाङ्ग ६१ वर्षको उमेरमा असोज २७ गते/अक्टोबर १३ तारिख बिहीबार प्रभुमा सुत्नुभयो ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार**<br>Sunday | २० 6<br>आराधना सेवा साथै अन्य संगतिहरूमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन र पवित्र आत्माको अगुवाइ मागिदिऔं।<br>एज्रा ७:९-१० | २७ 13<br>मण्डलीअन्तर्गतका संगतिका झुण्डहरूलाई अगुवाइ गर्नुहुने अगुवाहरू पवित्र आत्माको सहायतामा आफ्नो बगालको हेरचाह गर्न सकून्।<br>१ पत्रुस ५:१-४ | ४ 20<br>शाखा/आवद्ध मण्डलीहरूका अगुवाहरूले परमेश्वरको बगाल मण्डलीलाई विश्वासयोग्यताका साथ सधैं हेरचाह गरिरहन सकून्।<br>भजनसंग्रह ७८:७०-७२ | ११ 27<br>नेपालमा भएका सम्पूर्ण विश्वासीहरूको असल साक्षीद्वारा धेरै मानिसहरू प्रभुमा आउन सकून्।<br>एफिसी ४:१७-३२ |
| **सोमबार**<br>Monday | २१ 7<br>प्रत्येक विश्वासीहरूको व्यक्तिगत, पारिवारिक र मण्डलीसँग मिलेर गरिने प्रार्थनाको मूल्य चुकाई अझ बढेर गएको होस्।<br>यशैया ६२:६ | २८ 14<br>मण्डलीका सबै जवानहरूलाई प्रार्थनाको साथै वचनमा आधारित जीवन जिउन पवित्र आत्माले नै सहायता गरून्।<br>भजनसंग्रह ११९:९ | ५ 21<br>येशू प्रभुलाई विश्वास गरेकाहरू साँचो अर्थमा पूर्ण रूपले परिवर्तित भएर परमेश्वरलाई पछ्याउनेहरू हुन सकून्।<br>एफिसी ५:१-१३ | १२ 28<br>सबै विश्वासीहरू परमेश्वरको प्रेम, अनुग्रह, दया, कृपाप्रति सधैं धन्यवादी भई परमेश्वरको महिमाको निम्ति जिउन सकून्।<br>भजनसंग्रह १०३:१-१३ |
| **मंगलबार**<br>Tuesday | २२ 8<br>परमेश्वरबाटको उत्तम प्रतिज्ञाहरू जो हाम्रो लागि दिनुभएको छ, सो प्रतिज्ञाहरू घोषणा र दाबी गर्दै परमेश्वरको महिमाको लागि आशिषित् भएर जिउन सकौं।<br>२ पत्रुस १:३-४ | २९ 15<br>मण्डलीका विश्वासीहरूको जीवनमा आइपर्ने दुःख, कष्ट, सतावट तथा समस्याहरूमा स्थिर रहन साथै समाधानको लागि प्रार्थना गरौं।<br>भजनसंग्रह ४६:१-११ | ६ 22<br>पढाइ र कामको क्षेत्रमा रहेका जवानहरू इमान्दार भएर परमेश्वरको साक्षीपूर्ण जीवन जिउन सकून् र उनीहरूको जीवनमा परमेश्वरको आशिष् र ज्ञान बुद्धि मागिदिऔं।<br>हितोपदेश ९:१०, याकूब १:५ | १३ 29<br>बेरोजगार भएकाहरूको अभाव प्रभुले पूरा गरिदिऊन् र कामहरू पनि जुटाइदिनुभएको होस्।<br>१ पत्रुस ५:७ |
| **बुधबार**<br>Wednesday | २३ 9<br>येशू प्रभुलाई विश्वास गर्नेहरू केवल विश्वासीहरू मात्र होइन तर ख्रीष्टको चेला भएर जिउन सकून्।<br>कलस्सी १:२८ | ३० 16<br>हामी आफ्नो परिवारको लागि मात्र होइन तर अरूको लागि पनि प्रार्थना, सहायता, सहयोग, वास्ता गर्नेहरू भई आशिषको कारण बन्न सकौं।<br>१ थेसलोनिकी ५:११ | ७ 23<br>दुःख-कष्ट, अभाव-घटी, पारिवारिक समस्या विभिन्न कारणले थाकेकाहरू साथै रोगी बिरामीहरूको लागि प्रार्थना गरिदिऔं।<br>यशैया ४०:२७-३१ | १४ 30<br>नेइमअन्तर्गतका शाखा-आवद्ध साथै शुरू भएका संगतिहरूमा सेवकाइ गर्नुहुने सेवक/सेविकाहरूको कमी नभएको होस्।<br>मत्ती ९:३५-३८ |
| **बिहीबार**<br>Thursday | २४ 10<br>विश्वासी परिवारकाहरू सधैं प्रभुको प्रेममा रही अरूहरूको निम्ति आशिषित् बन्न सकून्।<br>रोमी १५:१-३ | १ मंसीर 17<br>विभिन्न उद्देश्य लिएर मण्डलीमा आउनुहुने हरेकले परमेश्वरको वचन सुनेर उहाँहरूको हृदय परिवर्तन भएको होस्।<br>हिब्रू ४:१२-१३ | ८ 24<br>निराश-हतास, चिन्ता-फिक्री, अभाव, रोग आदि समस्यामा परेकाहरूको निम्ति प्रार्थना गरिदिऔं।<br>भजनसंग्रह ५५:२२, १४७:३ | १५ December 1<br>मण्डलीका सबै आमा बुवा तथा अभिभावकहरूले आफ्ना बाल बालिकाहरू साथै छोराछोरीहरूलाई प्रभुको प्यार, प्रेम, शिक्षा, अनुशासनमा हुर्काउन सकून्।<br>व्यवस्था ६:४-९ |
| **शुक्रबार**<br>Friday | २५ 11<br>परिवारका सबै सदस्यहरू परमेश्वरले दिनुभएको शान्ति, मेलमिलाप र समझदारीमा जिउन सकून्।<br>कलस्सी ३:१३-१७ | २ 18<br>सम्पूर्ण विश्वासीहरू एकआपसमा सधैं प्रेम, मेलमिलाप र एकतामा रही एकअर्काको लागि साथै समाजको लागि पनि आशिषको कारण बन्न सकौं।<br>यूहन्ना १३:३४-३५ | ९ 25<br>मण्डलीका सबै बालबालिकाहरूले सानै उमेरमा परमेश्वरको आवाज सुन्न सकून्।<br>१ शमूएल ३:२-९ | १६ 2<br>परमेश्वरको वचनको भोक, तृष्णा हामी सबैमा जागेको होस् जसको फल स्वरूप वचनमा आधारित जीवनमा हामी जिउन सकौं।<br>मत्ती ५:६, कलस्सी २:६-७ |
| **शनिबार**<br>Saturday | २६ 12<br>प्रत्येक शनिबार आराधना सेवाको साथै अरू सेवा संगतिहरूमा सुनेको वचनअनुसार समर्पित, इमान्दार र आज्ञाकारी हुँदै जान सकौं।<br>भजनसंग्रह ११९:१-१६ | ३ 19<br>मण्डलीका सबै विश्वासीहरू संसारका क्षणिक कुराहरूमा होइन तर माथिका कुराहरूमा मन लगाउनेहरू हुन सकून्।<br>कलस्सी ३:१-२ | १० 26<br>सारा विश्वव्यापी मण्डलीहरू संख्यात्मक वृद्धि मात्र होइन तर आत्मिक जागृतिको साथै पवित्रतामा निरन्तर बढ्दै जान सकून्।<br>२ कोरिन्थी ३:१६-१८ | १७ 3<br>मिशनेरी भएर विभिन्न ठाउँमा सेवकाइको लागि जानुभएकाहरूको सेवकाइ, परिवार, मण्डलीको लागि प्रार्थना गरिदिऔं।<br>यशैया ४५:१-७ |

**पर्वतहरू हल्लाइए र डाँडाहरू हटाइए तापनि तेरो निम्ति मेरो अटूट प्रेम हटाइनेछैन, न त मेरो शान्तिको करार भङ्ग हुनेछ," तँलाई कृपा गर्नुहुने परमप्रभु भन्नुहुन्छ । "हे दुःखमा परेकी, आँधी बेहरीले पछारिएकी र सान्त्वना नपाएकी शहर, हेर्, म फिरोजा पत्थरले तँलाई बनाउनेछु, नीरले तेरो जग बसाल्नेछु । मानिकले तेरो सुरक्षा-पर्खाल, र चम्कने रत्नहरूले तेरा मूल ढोका र बहुमूल्य रत्नहरूले तेरा सारा पर्खाल बनाउनेछु ।** **यशैया ५४:१०-१२**